# Invitation for Bids

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

**पकहा मैनपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालयपकहा मैनपुर,पर्सा**

**सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।**

**( प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७५/०२/०८ गते )**

यस गाउँपालिका लाई आ.व. २०७४/०७५ मा आवश्यक पर्ने देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी बोलपत्र द्वारा खरीद गर्नुपर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशितु गरिएको छ ।

१. योग्य फर्म कम्पनीहरुले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न ( अध्ययन गर्न ) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् : पकहा मैनपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पकहा मैनपुर, पर्सा

२. यो सूचना प्रकाशित भएको मिति देखि १५ औ दिनसम्म बोलपत्र फाराम सम्बन्धी आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरेको ब्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अशावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर ( PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसारको तपसिलमा उल्लेख दस्तुर ( पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औ दिउँसो १२:०० बजे भित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त भएमा स्वीकार गरिने छैन ।

४. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु प्रस्तावकहरु वा निजको प्रतिनिधिको रोहवरमा पकहा मैनपुर गाउँपालिका गाउँ कार्यपालिका पकाह मैनपुरको कार्यालयमा १६ औ दिनको १:०० बजे खोलिने छ । प्रस्तावक वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. बोलपत्र साथ जमानत वापतको धरौटी रकम राष्ट्रिय बाणिज्य बैंक, आदर्शनगर बीरगंज पर्सामा यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. १२५०३०३०००७१०८ जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त "क" बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ४५ दिनसम्म मान्य भएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।

६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन। बोलपत्रमा प्रत्येक आइटम दर रेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७. बोलपत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ।

८. कुनै वा सबै बोलपत्र, पुरै वा आशिंक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्ध गर्ने सम्पुर्ण अधिकार खरिदकर्तामा निहित रहने छ।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

१०. बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

११. अन्य कार्यबिधिहरु स्थानिय निकाय सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) अनुसार हुनेछ।

१२. यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ।

१३. **वाई फाई तथा इन्टरनेट जडान र ट्रयाक्टर** आपूर्ति कर्ताले गाउँ पालिकाले तोकेको स्थानमा पुर्याउनु पर्ने छ /

१४. बोलपत्रको कामको विवरण निम्न अनुसार छ।

| ठेक्का नं. | कामको बिवरण | धरौटी रकम रु. | फारम दस्तुर (फिर्ता नहुने गरी ) रु. |
|---|---|---|---|
| ५/२०७४/०७५ | **वाई फाई तथा इन्टरनेट जडान** गाउपालिकाको कार्यालय (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | ३२५०० /- | १०००/-( खाता नं.१२५०३०४०३८३०८ , रा.बा. बैंक ) |
| ६/२०७४/०७५ | **वाई फाई तथा इन्टरनेट जडान** सबै वडा (१,२,३,४,५) कार्यालय (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | ४६२५०/- | १०००/-( खाता नं.१२५०३०४०३८३०८ , रा.बा. बैंक ) |
| ७/२०७४/०७५ | **ट्रयाक्टर खरिद (बोलपत्र)** | ३३७५०/- | १०००/- ( खाता नं.१२५०३०४०३८३०८ , रा.बा. बैंक ) |